**अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री रबिन्द्र सिंह बोहराले प्रस्तुत गर्नु भएको**

# वडा विभाजन तथा सीमा हेरफेर सम्बन्धी प्रतिवेदन

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

## परिच्छेद-१
## परिचय

### १.१ पृष्टभूमी

वर्तमान नेपालको संविधानको प्रस्तावनामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै भन्ने व्यवस्थाले एकात्मक राज्यव्यवस्थालाई विकेन्द्रित गरेको छ । त्यस्तै संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था छ । संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (४) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था गरिए अनुसार व्यवस्थापिका संसदबाट गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण ऐन, २०७३ बमोजिम गाउँपालिका तथा नगरपालिकाका वडाहरूको संख्या निर्धारण भई कार्यान्वय भई सकेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-२ को दफा ५ मा वडाको संख्या, सीमाना र केन्द्र सम्बन्धी व्यवस्था गरिएको छ । दफा ६ को उपदफा (१) मा नेपाल सरकारले निर्धारण गरेको वडाको संख्या र सीमाना आवश्यकता अनुसार हेरफेर गर्न सक्ने व्यवस्था गरे अनुसार अपिहिमाल गाउँपालिकाको वडा नं. ३ लाई विभाजन गर्न गाउँ सभाबाट वडा विभाजन सम्बन्धी प्रस्ताव पारित गर्नु पर्ने देखिन्छ ।

अपिहिमाल गाउँपालिका सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित रहेको छ । यस अपिहिमाल गाउँपालिकाको केन्द्र वडा नं. ४ को खण्डेश्वरीमा रहेको छ । यो गाउँपालिका भौगोलिक हिसावले करिव ८०°५० देखि ८१°६ पुर्वी देशान्तर र २९°५० देखि उत्तर अक्षांशमा रहेको छ । करिव ६१३.९५ व.कि.मि. क्षेत्रफल रहेको गाउँपालिका पूर्वमा बझाङ जिल्ला, पश्चिममा नौगाड गाउँपालिका, दक्षिणमा मार्मा र उत्तरमा व्याँस गाउँपालिका रहेका छन । जातजातिको रुपमा यो गाउँपालिकामा क्षेत्री र ब्राह्मण जातिको बसोबास रहेको छ । जातिगत आधारमा मुख्य गरी यस गाउँपालिका भित्र धामी, ठेकरे, रोकाया, कार्की, बोहरा, मन्याल, जागरी, ठगुन्ना, अटचाल, लोथ्याल, वि.क., ओइरे, महता, बुढाथोकी, देउरुखी आदि जातजातिहरु बसोबास गर्दछन । यस क्षेत्रका बासिन्दाहरु मुख्यतया कृषि तथा पशु पालन पेसामा नै आश्रित रहेका

छन । मुख्य अन्नबालिको रुपमा जौ, गहु, मकै, फापर, कोदो, मार्सी, आलु, सिमी आदिको खेतिपाति हुदै आएको छ । साक्षरताको हिसावले करिव ७५ प्रतिशत साक्षर रहेको अपिहिमाल गाउँपालिका साबिकका खण्डेश्वरी, घुसा, गुल्जर (न.१) र शितोला (५-८ वडा) गाविसहरु समेटेर जम्मा ६ वडमा विभाजन गरिएको छ । यो गाउँपालिका जिल्ला सदरमुकाम देखि २३ कोष टाढा रहेको छ भने अझै पनि सडक यातायातले छुन सकेको छैन ।

## १.२ अपिहिमाल गाउँपालिका वडा नं. ३ को परिचय

अपिहिमाल गाउँपालिका वडा नं. ३ साविकको खण्डेश्वरी गा.वि.स. का वडा नं. १, २, ३, ४ र ५ आपसमा गाभिएर बनेको छ । यस वडाको जनसंख्या १९४५ र क्षेत्रफल १६९.३३ वर्ग कि.मि. रहेकोछ । यस वडामा २८ वटा वस्तीहरु (क्षेत्ती, घाजिर, घाडी, तोथ्ती, कसौती, पाथा, इजर, कोर्थी, मरफुल, काँटै, वथेलीढुङ्गा, मादेउफागाला, राताभिटा, कालछिङ, खल, थुम्ती, सम्भाड, खिर्सा, चौड, झुस्कु, भागाले, विडी, काफलधार, धामीगाउँ छडे, रजिउडा, काल्जौवोया, आम्पाङ, मरखोला र भट्टार) रहेका छन भने जातजातीहरुमा धामी, ठेकरे, रोकाया, कार्की, बोहरा, मन्याल, जागरी, ठगुन्ना, अटयाल, लोथ्याल, टमटा, ओइरे, आदि जातजातिहरु बसोबास गर्दछन ।

## १.३ उद्देश्य

वडा नं. ३ लाई विभाजन गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) वडाको सिमाना हेरफेर तथा वडा विभाजन गरी सेवा प्रवाहमा सहजता ल्याउनु ।

(ख) नयाँ वडा केन्द्र निर्धारण गर्ने ।

(ग) पालिकास्तरीय सेवा प्रवाहमा सहजीकरण गरी सहज रूपमा जनस्तरमा पुर्‍याउनु ।

(घ) सेवा प्रवाहमा जनसहभागीता अभिवृद्धि गर्नु

## १.४ आवश्यकता

भौगोलिक रूपमा ठूलो भूगौलिक क्षेत्रमा विभाजन गरी वडा निर्धारण गरिएको वडा नं. ३ को हालको केन्द्रमा पुग्न सबै वडावासीहरूका लागि पायक नपरेको र हालको वडा कार्यालय माथिल्लो क्षेत्रका (हालको वडा नजिकका) वस्तीहरूलाई पायक पर्ने तल्लो क्षेत्र (मरखोला, झुस्कु लगायतका) वस्तीहरूका लागि धेरै टाढा भएको, वडाको सेवा प्रवाह गर्नका लागि कठिनाई तथा सेवा प्रवाहको लागत पनि बढिरहेको, तल्लो क्षेत्रका जनताहरूको सेवा प्रवाहको लागि छुट्टै सम्पर्क कार्यालय स्थापना गरी सेवा दिनु पर्ने अवस्थाका कारण वडा नं. ३ लाई विभाजन गरी नयाँ वडा निर्धारण गर्नु पर्ने आवश्यकता रहेको छ ।

## परिच्छेद-२

## वडा विभाजनका आधारहरू

### २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । सोही धाराको उपधारा (४) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै संविधानको धारा ३०३ को उपधारा (१) मा यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायहरू यो संविधान बमोजिम स्थानीय तहको संख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहनेछन भन्ने संवैधानिक व्यवस्था रहेको छ।

### २.२ कानुनी व्यवस्था

संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या निर्धारण गर्न तत्कालिन व्यवस्थापिका-संसदले गाउँपालिका तथा नगरपालिकाको वडा संख्या निर्धारण ऐन, २०७३ बनाई देश भरीका ७५३ स्थानीय तहका वडाको संख्या निर्धारण गरिएको थियो । स्थानीय सरकार संचालन ऐन, २०७४ लागू भए पश्चात गाउँपालिका तथा नगरपालिकाको वडा संख्या निर्धारण ऐन, २०७३ खारेज भई सो ऐन अन्तरगत भए गरेका काम कारवाहीहरू स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम भएको मानिने छ भन्ने व्यवस्था गरे अनुसार गाउँ सभा तथा नगर सभाले आवश्यकता अनुसार आफ्नो सीमाभित्र वडाको संख्या निर्धारण तथा सीमा हेरफेर गर्नुपर्दा गाउँ सभा तथा नगर सभाबाट सो सम्बन्धी प्रस्ताव पारित गरी ३५ दिन भित्र प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ मा वडाको संख्या, सीमाना र केन्द्र हेरफेर सम्बन्धी व्यवस्थाहरू देहाय बमोजिम रहेका छन ।

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५ को उपदफा (१) मा नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सीमा र संख्या निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

(ख) ऐनको दफा ५ को उपदफा (३) मा गाउँ सभा तथा नगर सभाले सम्बन्धित वडाको सिफारिसमा देहायका आधारमा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतबाट प्रस्ताव पारित गरी वडाको केन्द्र तोक्न सक्ने व्यवस्था छ ।

(१) जनसंख्या तथा जनसंख्याको वितरणको अवस्था,

(२) भौगोलिक निरन्तरता, अनुकूलता तथा विशिष्टता,

(३) भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता,

(४) सेवा सुविधा वितरणको अवस्था र सुगमता,

(५) विद्यमान भौतिक पूर्वाधार ।

(ग) ऐनको दफा ६ मा नेपाल सरकारले दफा ५ बमोजिम निर्धार गरेका वडाको संख्या र सीमाना आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

(घ) वडाको संख्या वा सीमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगर सभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने व्यवस्था गरिएको छ. ।

(ङ) सभाबाट पारित भई प्रदेश सरकार मार्फत प्रस्ताव प्राप्त भएमा नेपाल सरकाले छ महिना भित्र त्यस्तो प्रस्ताव बमोजिम वडाको संख्या वा सीमाना हेरफेर गर्नु पर्नेछ भन्ने व्यवस्था स्थानीय सरकार संचालन ऐनमा रहेको छ ।

(च) कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भएमा वडा समितिको परामर्शमा गाउँ सभा वा नगर सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था गरेको छ ।

## २.३ <u>जनसंख्या तथा जनसंख्या वितरणको अवस्था</u>

वडा नं. ३ को हालको विद्यमान जनसंख्या तथा जनसंख्या वितरणको अवस्था देहाय बमोजिम रहेको छ ।

१. हालको विद्यमान जनसंख्या वितरणको अवस्था

(क) वडाको वर्तमान घरधुरी संख्या : ३३८

(ख) कूल जनसंख्या : १६७६

(१) पुरूषको संख्या : ८२९

(२) महिला संख्या : ८४७

२. प्रस्तावित वडाको घरधुरी र जनसंख्या

(क) कूल घरधुरी संख्या : १२९

(ख) कूल जनसंख्या : ८७५

(१) महिलाको संख्या : ४६५

(२) पुरुषको संख्या : ४१०

## २.४ भौगोलिक निरन्तरता, अनुकुलता र विशिष्टता

वडा न. ३ को विद्यमान भौगोलिक निरन्तरता विवरणको अवस्था देहाय बमोजिम रहेको छ ।

(क) कूल क्षेत्रफल : १६९.३३ कि.मि.

(ख) वडाको चारकिल्ला

(१) पूर्व :- बझाङ जिल्ला

(२) पश्चिम :- अपिहिमाल गा.पा. वडा नं. ५

(३) उत्तर :- अपिहिमाल गा.पा. वडा नं. ४

(४) दक्षिण :- अपिहिमाल गा.पा. वडा नं. १ र २

हिमाली भेग भएकाले वडा केन्द्रसम्म आउन जाउन ५ घण्टा सम्मको पैदल यात्रा गर्नु पर्ने अवस्था भएको साथै बर्षा याममा ढुङगा पहिरो खस्ने तथा भिरको बाटो हुँदा जोखिम रहेकोले वडा नं. ३ लाई विभाजन गरी नयाँ वडा स्थापना गर्न अनिवार्य रहेको देखिन्छ ।

## २.५ भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता

प्रस्तावित वडाको भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता साविकको खण्डेश्वरी गा.वि.स. को वडा नं. १,२,३,४ र ५ को जस्तै रहेको छ ।

(क) धर्म : हिन्दु

(ख) जातजाति : व्राह्मण, क्षेत्री, दलित ।

हिन्दु धर्म संस्कार अनुसारका चाड, पर्व, सांस्कृतिक संस्कार, रीतिरिवाज, चालचलन, प्रथा परम्पराहरू यस वडामा विद्यमान रहेको छ ।

## २.६ सेवा सुविधा वितरणको अवस्था र सुगमता

भौगोलिक विकटता भएकाले सेवा सुविधाको वितरणमा सबै वडावासीहरूलाई सरल, सहज तथा समन्यायिक रुपले समेट्न सकिएको छैन । हालको विद्यामान वडाबाट सो वडाका सबै क्षेत्रका जनतालाई सेवा प्रवाह गर्न कठिनाई भइरहेको छ । साथै सेवा प्रवाहको लागत बढ्न गएको हुँदा वडा नं. ३ को विभाजन गरी सहज सेवा प्रवाहको व्यवस्था मिलाउन आवश्यक देखिएको छ ।

## २.७ विद्यमान भौतिक पूर्वाधार

वडाको विद्यमान भौतिक पूर्वाधारको अवस्था देहाय बमोजिम रहेको छ ।

(क) आधारभूत विद्यालय ५ वटा रहेका छन

(ख) आधारभूत स्वास्थ्य सेवा केन्द्र १ वटा

(ग) लघु जलविद्युत २ वटा

(घ) वडाका सबै वस्तीहरूमा खानेपानीको व्यवस्थापन भएको ।

(ङ) सडक सञ्जालमा नजोडिएको तर घोरेटो बाटो भएको ।

(च) संचार सेवाको उपलब्धता भएको ।

## २.८ प्रस्तावित वडाको केन्द्र रहने स्थान

प्रस्तावित वडाको केन्द्र अपिहिमाल गाउँपालिकाको वडा नं. ३ मा रहेको झुस्कु वस्ती तथा साविकको खण्डेश्वरी गा.वि.स. को वडा नं. ४ झुस्कु स्थित रहने गरी प्रस्ताव गर्न उपयुक्त देखिन्छ।

## २.९ आर्थिक व्ययभार

यस गाउँपालिकाको वडा संख्या थप भएपछि पूर्वाधार, प्रशासनिक खर्च तथा सेवा प्रवाह लगायतमा पहिलो वर्ष आर्थिक व्ययभार अनुमानित रु १,५०,००,०००।-(एक करोड पचास लाख मात्र) हुने र त्यसपछि क्रमश लागत घट्दै जाने देखिन्छ ।

# परिच्छेद-३

## औचित्य, उपलब्धी र निष्कर्ष

### ३.१ वडा थप गर्नुपर्ने कारण र औचित्य

वडा नं. ३ विभाजन गर्नुपर्ने कारण र औचित्य देहाय बमोजिम रहेका छन ।

(क) भौगोलिक विकटता ।

(ख) सेवा ग्राहीको सेवा सुविधामा पहुँच पु¥याउन कठिनाई हुनु ।

(ग) छरिएर रहेका बस्ती हुनु ।

(घ) सेवा प्रवाहको लागत बढ्नु ।

(ङ) तल्लो क्षेत्रमा बस्ने जनतलाई हालको वडा कार्यालय सम्म पुग्न धेरै समय लाग्ने।

### ३.२ वडा विभाजन पछि हुने उपलब्धीहरू

वडा नं. ३ को विभाजन पश्चात गाउँपालिकाले देहाय बमोजिमका उपलब्धी हासिल गर्न सक्ने देखिन्छ ।

(क) सेवा प्रवाह सरल, सहज र सहभागिता बढेको हुने र सुशासन कायम भएको हुने ।

(ख) सेवा प्रवाहको लागत घट्ने ।

(ग) जनताले नजिकबाटै सेवा प्राप्त गर्ने हुँदा समयको बचत हुने ।

(घ) समन्यायिक विकास हुने ।

(ङ) नागरिकहरूका गुनासोहरूको समयमै सुनुवाई हुने ।

(च) नागरिकको घरदैलोमा सरकारको उपस्थिति हुने ।

## ३.३ सुझाव

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद २ बमोजिमका प्रक्रिया पुरा गरी वडा नं. ३ को विभाजन गर्न तथा केन्द्र निर्धारण गर्न गाउँ सभाबाट वडा नं. ३ विभाजनको प्रस्तावलाई सर्वसम्मतिले पारित गरी सुदूरपश्चिम प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउनु पर्ने देखिन्छ ।

## ३.४ निष्कर्ष

समग्रमा अपिहिमाल गाउँपालिका ३ नं. वडा कार्यालय भौगोलिक रुपमा ठुलो, छरिएर रहेका वस्ती भएकाले सेवा प्रवाहमा समस्या हुनुका साथै सेवाग्राहीहरुलाई एकै स्थानबाट सेवा दिन समेत कठिनाई भएको, सेवाग्राहीहरुलाई सेवा लिन आउँदा जाँदा समेत समस्या हुने भएकोले वडा विभाजन गर्नुपर्ने निष्कर्ष सहित यो प्रतिवेदन पेश गरिएको छ ।